पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, पोखरा ।

# विद्यालयहरुमा White Board आपूर्ति गर्ने सम्वन्धि बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशन मितिः २०७५।०९।२४

पोखरा महानगरपालिका अर्न्तगतका विद्यालयहरुमा White Board वितरण गर्ने चालू आ.व.२०७५।७६ को स्विकृत कार्यक्रम अनुसार White Board आपूर्ति गर्न ईच्छुक फर्महरुले बोलपत्र पेश गर्न यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

(१) बोलपत्र फाराम रु ३,०००।-(अक्षरुपी तीन हजार मात्र) पछि फिर्ता नहुने गरी नगदै वा यस कार्यालको रा बा बैंक पृथ्वीचोक शाखा हि नं **३०२०३०४०१८१०६** मा जम्मा गरेको सक्कल भौचर र लिखित निवेदनका साथमा फर्म दर्तापत्र , मु.अ.क.दर्ता प्रमाणपत्र, व्यवसाय ईजाजत पत्र तथा आर्थिक वर्ष २०७४।७५ को कर चुक्ता प्रमाणपत्र (वा म्याद थपको पत्र) हरुको प्रमाणित प्रतिलिपिहरु पेश गरी यस कार्यालयवाट मिति २०७५।१०।२३ गते कार्यालय समय भित्र कार्यालयको खरिद ईकाइबाट खरिद गर्न सकिने छ ।

२) बोलपत्रदाताले मिति २०७५।१०।२४ गते दिनको १२.०० वजे भित्र यस कार्यालयमा बोलपत्र दर्ता गराई सक्नुपर्नेछ । म्याद भित्र दर्ता भएका बोलपत्रहरु सोहि दिनको १.०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३) बोलपत्रदाताले धरौंटी वापत तपसिलमा उल्लेखित रकम यस कार्यालको रा बा बैंक पृथ्वीचोक शाखा हि नं **३०२०३०३००७१०६** मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १२० दिन म्याद कायम रहेको “क” वर्गको वाणिज्य बैंकबाट यस कार्यालयका नाउंमा जारी भएको बैंक जमानत (विडवण्ड) बोलपत्र साथ संलग्न राख्नु पर्नेछ ।

४) बोलपत्र फारामको फोटोकपि गरी पेश गरेको, यस कार्यालयवाट बिक्री नभएको तथा एक व्यक्ति वा फर्मका नाउंमा विक्री भएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको तर्फवाट पेश गरेको, फर्मको तर्फवाट कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन् । साथै म्याद नाघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् ।

५) आपुर्तिकर्ताले White Board पोखरा महानगरपालिका क्षेत्रका विभिन्न विद्यालयहरुमा ढुवानी गर्ने व्यवस्था स्वयंले मिलाउनु पर्नेछ । ढुवानी गर्ने विद्यालयहरुको विस्तृत विवरण बोलपत्र सम्वन्धि कागजातमा उल्लेख गरिएको छ ।

६) प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने संपूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

| क. सं | विवरण | ठेक्का नंवर | लगत अनुमान (मु. अ. कर समेत) | जमानत रकम रु | जमानत अवधि |
|---|---|---|---|---|---|
| १ | विद्यालयहरुमा White Board आपूर्ति | 33/PMC/NCB/G/2075-76 | ४१,९४,८११।८० | १,१०,००० | १२० दिन |

**प्रमुख प्रशासकीय अधिकृत**